पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : २२ २०७२ पुस २४ गते शुक्रबार (Jan 8 , 2016) मूल्य रू. १०/-

## ओलीका सिल्ली कुरा



काठमाडौं । निकै फूर्तिका साथ भारतलाई नम्बर वान दुश्मन भनेका थिए प्रधानमन्त्री केपी ओलीले । निकै सवर गरेपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले एककल फोन के गरिदिए, ओलीको दम्भ पानी पानी भो । उनले सचिवालय र परराष्ट्रलाई भारत भ्रमणको व्यवस्था मिलाउन आदेश दिएका थिए ।अस्ती बुधवार परराष्ट्रमन्त्री कमल थापाले रिपोर्टर्स क्लवमा पुगेर खुलासा गरिदिए- प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाटै सुरू हुन्छ । यसको तयारी सुरू भइसकेको छ । (**बाँकी अन्तिम पेजमा**)

# नक्कली भूकम्पपीडितले सक्कलीलाई थिचे

काठमाडौं । पहिले १५ हजार वितरण गर्दा भूकम्पले ५ लाख घर भत्किएका थिए, अहिले न्यानो कपडा किन्न १० हजार थप गर्न थाल्दा यो संख्या एकाएक बढेर ७ लाख पुगिसकेको छ । सरकारले घर निर्माण गर्न ३ लाख दिने तैयारी गरिरहदा यो संख्या अझ बढेर ९ लाखसम्म पुग्ने अनुमान गर्दैछ सुशील ज्ञवालीको पुननिर्माण प्राधिकरण ।



जनताप्रति जिम्मेवार राजनीतिले देखाएको तमासा हो यो । नेपाली कांग्रेस, एमाले र एमाओवादी कति देशभक्त छ, यो मापनयन्त्र हुनसक्छ । सिंहदरवारमा बसेर प्रधानमन्त्री केपी ओलीले सय दिन नपुग्दै पौन एक करोड ९० लाख आर्थिक सहायता पार्टीका पहुँचवाला नेता, कार्यकर्तालाई बाँडिसकेछन् । हुन त १३ लाखको खाजा खर्च लिने प्रधानमन्त्रीले एकसय नब्बेलाख आर्थिक सहायता बितरण गर्नु कुन ठूलो कुरा भयो र ? शक्तिमा भएको बेलामा कार्यकर्तालाई बाँड्ने र सत्ता टिकाउन घूसपैठ गर्ने न हो ?

राजनीतिक दलहरूले गाविस सचिवहरूसँग मिलेमतो गरेर एउटै घर (**बाँकी अन्तिम पेजमा**)

## भट्टराई कि बट्टाई हुन् यिनी ?



काठमाडौं । थोत्रे, थाङ्ने, भ्रष्ट, सामाजिक अपराधी भनेर चिनिएका र नैतिकहीनहरूलाई बोकेर नयाँ शक्ति पार्टी तीन महिनाभित्र सार्वजनिक हुन्छ भन्दै प्रचारमा देश दोडाहमा हिडेका डा.बाबुराम भट्टराई म्याग्दीको भ्रमण सकेर उकालो लागेका छन् । उनले पछिल्लो पटक गजबको सपना देखाएका छन् : १५ वर्षभित्र गरीवी निवारण हुन्छ, ४० वर्षमा देश विकसित हुनेछ । (**बाँकी अन्तिम पेजमा**)

## महतो राष्ट्रघाती हुन् : गच्छदार

**अभियान संवाददाता**

काठमाडौं । मधेसमा आन्दोलन गरिरहेका संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको एक घटक सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो राष्ट्रघाती भएको आरोप उपप्रधान तथा भौतिक योजना मन्त्री विजय गच्छदारले लगाएका छन् । उनले भारतमा गएर मधेसमा आन्दोलनको घोषणा गर्ने व्यक्ति राष्ट्रघाती भएको बताए । मधेस आन्दोलनमा जनताले तिरस्कार गरेपछि भारतमा गएर मधेसमा आन्दोलनको घोषणा गर्नु राष्ट्रघाती कदम भएको समेत आरोप लगाए । समस्याको समाधान भारतमा गएर म्याउँ म्याउँ गरेर हुँदैन, आफ्नो देशको समस्या अर्को देशमा गएर मिलाई दिनुपऱ्यो भन्नु मूर्खता बाहेक अन्य केही हुन नसक्ने उपप्रधानमन्त्री गच्छदारको भनाई थियो ।



गच्छदार मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष समेत हुन् ।

गच्छदारले भारतमा गएर मधेस आन्दोलनको घोषणा गर्ने व्यक्ति कहिल्यै नेपाली हुन नसक्ने बताउँदै त्यस्ता व्यक्तिलाई जनताले नै ठीक लगाउने चेतावनी समेत दिएका थिए । उक्त उक्त कुरा गच्छदारले सुनसरीको दुहवी-भलुवा नगरपालिकाको पचिराफर्से गाउँमापक्की मोटरबाटोको उद्घाटन गर्दै बताएका हुन् । मधेसी मोर्चाको आन्दोलनबाट जनता दिक्क भएकाले वर्तमान समस्या राजनीतिक सहमतिबाटै समाधान गर्नुपर्ने भएकाले आन्दोलनरत मधेसी मोर्चालाई वार्तामा आउन आग्रंह समेत गरेका छन् । मधेस आन्दोलनले हाल सम्म ६ खर्बभन्दा बढीको क्षति भएकाले देश र जनतालाई दु:ख दिनेहरू स्वयं जनताले (**बाँकी अन्तिम पेजमा**)

## मुलुक विभाजनको प्रयास हुँदैछ : दाहाल

**अभियान संवाददाता**

काठमाडौं । एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले तराई-मधेस आन्दोलनका नाममा मुलुकलाई पूर्वी पाकिस्ता र सिरिया बनाउने षड्यन्त्र भइरहेको आरोप लगाएका छन् । त्यसैले मुलुक विभाजन गराउन खोज्नेहरू प्रति सजग र सतर्क रहन मधेस केन्द्रित आफ्ना पार्टीका कार्यकर्तालाई अपिल गर्दै त्यस्तो आरोप लगाएका हुन् ।

दाहाल सरकार सञ्चालनका लागि गठन भएको उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत हुन् । दाहालले मधेस पुगेर त्यस्तो अभिव्यक्ति दिएका हुनाले त्यसलाई अर्थपूर्ण रूपमा हेरिएको छ । सभामुख ओनसरी घर्ती र दाहाल जन्डिस रोगको उपचार गराइरहेका पूर्व अर्थमन्त्री एवं एमाओवादीका सचिव वर्षमान पुनको स्वास्थ्य



अवस्था बुझ्न बुधबार बैंकक गएका छन् । बैंकक जानु अघि दाहालले महोत्तरीको (**बाँकी अन्तिम पेजमा**)

## कोठामा बसेर सम्झिने होइन...!!



शाश्वत शर्मा खतिवडा

आउँदो पुस २७ गते राष्ट्रनिर्माता बडामहाराजधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसलाई एकातिर 'सरकारी मान्यता'का लागि जोडतोडले पहल भइरहेको छ भने अर्कोतिर डलरवादी र भारूवादी आईएनजिओ र एनजिओहरूको विरोध पनि सुरू भइसकेको छ । अझ अर्धसिल्ली भनेर चिनिने आङकाजी शेर्पा र उनको समूहले रत्नपार्कमा 'हत्यारा, विस्तारवादी' भनेर पृथ्वीनारायण शाहको विरोधमा कार्यक्रम नै गर्ने भएको छ ।

कस्तो मुलुक होला हाम्रो ? राष्ट्रनिर्मातालाई तिरस्कार गर्ने गरिन्छ ? -पैसा लिएर आफ्नै मुलुकको विरोध गरिन्छ । हिजो ०६२/६३ सालको विदेशबाट प्रायोजित आन्दोलनपछि शाहवंशको नामोनिशान नै हटाउने डलरवादी र भारूवादीहरूको योजना अनुरूप पृथ्वीनारायण शाहदेखि त्रिभुवन, महेन्द्र, वीरेन्द्र अनि अन्तिम राजा (?) ज्ञानेन्द्रका सम्पूर्ण अवशेषहरू हटाउन लागियो ।

शाहवंशका राजाहरूले गरेक राम्रा कामहरूलाई छोपेर, उनीहरूका कमिकजोरीलाई अतिरञ्जितपूर्वक प्रचार गरेर सोझासाझा मधेसी, जनजाति एवं आदीवासीहरूमा भ्रम सिर्जना गरेर यी शाहवंशका राजाहरूले तिमीहरू (मधेसी, (**बाँकी अन्तिम पेजमा**)

## मेरा केही खण्डन, केही मन्थन

*गोपालबहादुर खड्क*

नेपाल आयल निगम लिमिटेड तत्कालिन कम्पनी ऐन, २०२१ अनुसार नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित संगठित संस्था हो । यो कम्पनी सरकारी लगानीको कम्पनी भएको हुँदा यसको सञ्चालन एवं व्यवस्थापन कम्पनी कानून, प्रवन्धपत्र, नियमावली, नेपाल सरकारबाट समय-समयमा प्राप्त हुने नीतिगत निर्देशन एवं निगमको दैनिक तथा प्रशासनिक काम कारवाहीलाई सुब्यवस्थित गर्न गराउँनका लागि उपरोक्त कानूनको अधिनमा रही निगम संचालक समितिले बनाई लागू गरेका विभिन्न विनियमावली अनुसार कामहरू हुँदै आएका छन् । विद्यमान कम्पनी ऐन, २०६३ को दफा ९५(१) अनुसार निगमको सम्पूर्ण कारोवारको व्यवस्थापन, अधिकारहरूको प्रयोग र कर्तब्यको पालना सञ्चालक समिति मार्फत हुने र सोही अनुसार भई



आएको र सञ्चालक समितिले बनाई लागू गरेका बिभिन्न विनियमावलीहरूबाट निगमका पदाधिकारी एवं कर्मचारीहरूलाई प्रत्यायोजित गरिएका अधिकारहरु सम्बन्धित पदाधिकारी एवं कर्मचारीहरूबाट सोही ऐनको दफा ९५ को उपदफा (३) एवं (४) अनुसार भई आएको छ । निगम पूर्ण सरकारी लगानीको संगठित संस्था भएको हुँदा प्रचलित कानून र निगम संचालक समितिले बनाई लागू गरेका विभिन्न विनियमावली अनुसार कार्य भई आएको र यसमा निगम ब्यवस्थापनका पदाधिकारी एवं कर्मचारीबाट स्व-विवेकी अधिकारको प्रयोग नहुने एवं हुन नसक्ने ब्यहोरा स्पष्ट गर्न चाहन्छु ।

निगमको काम कारवाहीलाई सुब्यवस्थित रूपले संचालन गर्नका लागि निगम संचालक समितिबाट विद्यमान रूपमा कर्मचारी प्रशासन सम्बन्धी विनियमावली, २०६३, आर्थिक प्रशासन (**बाँकी ५ पेजमा**)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान साप्ताहिक

सम्पादकीय

# सरकारीस्तरबाटै पुस २७ मा पृथ्वी जयन्ती मनाइयोस्

२०५७ सालमा तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालामा गृहमन्त्री कृष्ण सिटौलाले मन्त्रिपरिषदको बैठकमा प्रस्ताव लगेर प्रत्येक वर्ष पुस २७ गते सरकारीस्तरबाटै मनाइँदै आएको पृथ्वी जयन्ती र राष्ट्रिय एकता दिवस मनाउने परम्पारको अन्तय गरेका थिए । त्यसैबेलादेखि जनस्तर मै पृथ्वी जयन्ती र राष्ट्रिय एकता दिवस पुस २७ मै मनाइँदै आएको र सरकारीस्तरबाटै त्यो दिवस मनाइनु पर्ने माग जनताबाटै उठे पनि यसअघिका सरकारहरुले जनताको मागलाई सम्बोधन गर्न सकेका थिएनन् । अहिले फेरि त्यो माग जनसतरबाटै उठेको हुनाले आफूलाई राष्ट्रवादी भन्न रुचाउने वर्तमान प्रधानमन्त्री केपी ओलीबाट जनताको त्यो माग पुरा हुने विश्वास गरेका छन् ।

उपप्रधानमन्त्री कमल थापाको पार्टी राप्रपा नेपालले पृथ्वीनारयण शाहलाई आफ्नो आदर्श व्यक्तिका रुपमा लिएको र राप्रपा नेपालले पार्टीगत रुपमा पुस २७ गते राष्ट्रिय एकता दिवस समेत मनाउँदै आएको छ । राष्ट्रिय एकता दिवस मनाउँदै आएको पार्टीका अध्यक्ष नै अहिले उपप्रधानमन्त्रीसहित महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा रहेका हुनाले थापा स्वयंले तत्कालिन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले गरेको गलत निर्णय मन्त्रिपरिषदको बैठकबाट उल्टाएर पुस २७ लाई पृथ्वी जयन्ती र राष्ट्रिय एकता दिवसका रुपमा सरकारीस्तरबाटै मनाइनु पर्ने निर्णय गराउनु आवश्यक छ । त्यतिमात्र होइन, हालको नेपालको एकीकरण गर्ने व्यक्ति पनि पृथ्वीनारायण शाह नै भएका र आजको नेपालकलाई टुक्राटुक्राबाट एकीकरण गरेर अहिलेको नेपाल बनाएका हुनाले पृथ्वीनारायण शाहको तस्बिर नेपाली नोटमा अंकित हुनुपर्छ । सकराले पृथ्वीनारायण शाहको तस्बिर अंकित नोट प्रकाशित गरेको खण्डमा नेपाललाई विश्वसामू चिनाउन अझ सहज हुन्छ । त्यसैले कोइराला सरकारका गृहमन्त्री कृष्ण सिटौलाले मन्त्रिपरिषद्बाटै गलत निर्णय गरा एर पृथ्वीनारायण शाहको योगदानको अवमूल्यन गरेका हुनाले त्यसलाई मन्त्रिपरिषद्बाटै सच्याएर पृथ्वीनारायण शाहको योगदानको कदर गर्न सकेमात्र नेपाल र नेपाली जनताको भावनाको कदर हुनसक्छ ।

ओली नेतृत्वको सरकारमा रहेका उपप्रधानमन्त्री सीपी मैनालीले पृथ्वीनारायण शाहको सम्झानामा राष्ट्रिय एकता दिवस नमनाएर पृथ्वीनारायण शाहले २ सय ५० वर्षअगाडि गरेको हालको नेपालको एकीकरण नै भूल हुने बताएका छन् । मैनालीका अनुसार सिन्धुलीमा ब्रिटिसले आक्रमण गर्दा तराईका जनताले सहयोग नगरेको भए त्यही बेला काठमाडौं कब्जा हुन सक्थ्यो भन्दै त्यसैले यतिबेला अभिभावक भएका नाताले राजेन्द्र महतो र महन्थ ठाकुरसँग डरलागेको होइन विदेशीको दिमाग सन्कियो भन्ने के होला भनेर आफुहरुलाई डर लागेको उद्घोष गरिसकेका छन् । मैनालीको पार्टी नेकपा मालेले समेत पहिलादेखि नै पृथ्वीनारायण शाहको योगदानलाई अवमूल्यन गर्नु नहुने भन्दै पुस २७ लाई पृथ्वी जयन्ती र राष्ट्रय एकता दिवसका रुपमा सरकारी स्तरबाटै मनाउनु पर्ने भन्दै आएकोमा हाल उक्त पार्टीका अध्यक्ष मैनाली नै सरकारका उपप्रधानमन्त्री सहित महत्वपूर्ण जिम्मेवारीमा भएकाले अब उनलाई मन्त्रिपरिषद्बाटै निर्णय गराउन सहज भएको छ । पृथ्वीनारायण शाहको योगदानका बारेमा स्कुलदेखि नै बालबालिका र कलेजहरुमा जानकारी दिन सकेमात्र उनीप्रति सच्चा श्रद्धाञ्जली र उनको योगदानको कदर हुनेछ ।

सत्तामा बसुन्जेल कहिल्यै पृथ्वीनारायण शाहलाई नसम्झने नेपाली कांग्रेसका नेता एवं पूर्वअर्थमन्त्री डा.रामशरण महतले हालै पृथ्वीनारायण शाहको योगदान विचार कार्यक्रममा बोल्दै भने, पृथ्वीनारायण शाहलाई युनिफायर भएको बताउँदै नेपालमा पृथ्वीनारयाण शाहजस्ता राजनेता विरलै जन्मिने उल्लेख गर्दै उनले भने दुरदर्शी पृथ्वीनारायण शाह सत्तामा बस्ने नेता मात्र नभएर युद्धभूमीमा लड्ने सिपाही र इकोनोमिक थिंकर पनि हुन् । उनले भारतको बनारस पुगेर गोत्र परिवर्तन गरेर युद्धमा विजय प्राप्त गरेका हुन् भन्दै आज तिनै पृथ्वीनारायण शाहलाई हामीले भूलेको बताएका थिए । राष्ट्रिय एकता दिवस तथा २९४ औं पृथ्वी जयन्ती मूल समारोह समितिले हालै आयोजना गरेको नेपाली राष्ट्रियता र पृथ्वीनारायण शाह विषयक विचार गोष्ठीमा संस्कृतिविद् डा.जगमान गुरुङले भने नेपालको एकीकरण गर्ने बडामहाराजधिराज पृथ्वीनारायण शाहलाई मर्यादा र आदर्श पुरुष मान्ने हो नेपालमा संघीयता नै चाहिँदैन पृथ्वीनारायण शाहको सपना विपरित मुलुकलाई खण्डित बनाउन नहुने बताउँदै वरु साँस्कृति परिवेशमा नेपालको एकीकरण हुनुपर्नेमा जोड दिएपनि हाल राजनीतिक दलहरुले मुलुक संघीयतामा जाने निर्णय नै गरिसकेका हुनाले, मुलुक संघीयतामा जाने निश्चितछ । तर मुलुक संघीयतामा जानु भनेको टुक्रिनु होइन, मुलकुलाई टुक्राउने अधिकार सरकार र दलहरुलाई नभएको हुनाले पृथ्वीनारायाण शाहले गरेको एकिकरणलाई टुक्राउने कसैको इच्छा भए त्यस्तो दल र व्यक्ति आफैं सखाप हुनेछ । त्यसैले पनि पृथ्वीनारायाण शाहको योगदानको कदर गर्दै पुस २७ गते सरकारी बिदा दिएर सरकारीस्तरबाटै पृथ्वीजयन्ती र राष्ट्रिय एकता दिवस मनाइयोस भन्ने हामी जोडदार माग गर्दछौं ।

# इतिहासका नायक पृथ्वीनारायणलाई सम्मान गरौं

*देवेन्द्र चुडाल*

नयाँ संविधान जारी भएपश्चात मुलुकका सबै समस्याहरू समाधान हुने आश्वासन दिने राजनीतिक दलका नेताहरूको भनाई अहिले आएर असत्य सावित भएको छ । संविधानसभाले संविधान निर्माण गरी २०७२ असोज ३ गते जारी गरेपश्चात मुलुक एक प्रकारको हिंसामा फसेको छ । छिमेकी मुलुक भारतले समेत त्यही संविधानलाई देखाएर अघोषित रूपमा नकाबन्दी लगाएको छ । अघोषित नाकाबन्दीले गर्दा जनताको जीवन कष्टकर मात्र बनको छैन, मुलुकको अर्थतन्त्र नै डामाडोल भएको छ । एक प्रकारले भन्दा अहिले मुलुकको अर्थतन्त्र तस्करीमा सञ्चालित भएको छ । मुलुकमा सरकार भएको जस्तो अभास जनताले पाउन सकेका छैनन् । विगतमा जे भएपनि संविधान निर्माण र नयाँ सरकार गठनमा एकप्रकारले राष्ट्रवादी छवि बनाएका प्रधानमन्त्री केपी ओली आफ्नो योजनामा असफल हुँदै गएका छन् । ओली मुलुकले भोगेको समस्याको समाधान गर्न सफल नभएपछि उनको राष्ट्रवादी छविमै नराम्रोसँग धक्का लागेको छ । त्यतिमात्र होइन, आफूले गरेका प्रतिबद्धताहरू पुरा गरेर देशलाई संकटबाट हटाउन होइन, आफ्नै प्रतिबद्धता विपरित आलोकप्रिय र औचित्यहीन निर्णय गरेर पछिल्लो समयमा उनी सत्ता बचाउने खेलमा सीमित हुन थालेको अनुभूति जनताले गर्न थालेका छन् । मन्त्रालयहरू विभाजन गरेर एक दुई सिट भएका पार्टीका सांसदहरूलाई मन्त्री बनाउने निर्णय प्रधनमन्त्री ओलीका लागि आत्मघाति निर्णय सावित हुन सक्छ । पछिल्लो पटक विस्तार गरेको मन्त्रिपरिषदलाई हेर्दा ओली पनि बालुवाटार बसाई लम्ब्याउनैमा सीमित भएको अभास हुन्छ । एकातिर जनता मधेस आन्दोलन र भारतको अघोषित नाकाबन्दीको मारमा परिरहेका छन् भने अर्कोतिर प्रधानमन्त्री ओली ति सबै समस्याहरूको समाधान गर्नुको सट्टा मन्त्रालयहरू विभाजन गरेर मन्त्री बनाउँदै राज्यकोषमा अर्बौंको व्ययभार थप्न तल्लिन रहनुले प्रमाणित हुन्छ, ओली पनि यस अघिका प्रधानमन्त्रीहरूकै बाटो समात्न उन्मूख भएका छन् ।

भारतले लगाएको अघोषित नाकाबन्दी र केही मधेसवादी दलहरूले मधेसमा गरेको आन्दोलनले गर्दा भूकम्पपीडित जनताको जीवन कष्टकर बन्दै गएको छ । तत्कालिन सुशील कोइराला नेतृत्वको सरकारले २०७२ वैशाख १२ गते गएको भूकम्पमा पीडित भएका र घरबारबिहीन भएकाहरूलाई तत्कालै २ लाख रूपैयाँ दिने निर्णय गरेपनि कोइराला नेतृत्वको सरकारले आफ्नो निर्णय कार्यान्वयन गर्न सकेन भने ओली प्रधानमन्त्री बनेको एक सय दिनसम्म पनि त्यो निर्णय कार्यान्वयन नहुनु भनेको सरकार भूकम्पपीडितप्रति जिम्मेवार नहुनु नै हो । मधेस–तराईमा आन्दोलन गर्ने दहरूले त मानवीय व्यवहार देखउन सकेनन् सकेनन्, के सरकारले पनि त्यस्तै गर्ने हो ? सरकार भनेको सम्पूर्ण नेपाली जनताको अभिभावक बन्न सक्नुपर्छ । तर पछिल्लो समयमा हेर्दा प्रधानमन्त्री ओलीले अभिभावकको भूमिका निभाउन सकेको देखिएको छैन । उनी नेकपा एमालेबाट निर्वाचित भएपनि प्रधानमन्त्री भएपछि उनी एमालेको मात्र प्रधानमन्त्री नभएर सम्पूर्ण नेपाली जनताका प्रधानमन्त्री हुन् । उनले सम्पूर्ण जनताको हितमा काम गर्नुपर्नेमा उनी अहिले सरकारी सुविधा प्रंयोग गरेर एमाले जिल्ला अधिवेशनहरू उद्घाट गर्दै हिंडेका छन् । काठमाडौंबाट ३०/४० किलोमिटर टाढा पर्ने ठाउँमा उनले हेलिकोप्टर प्रयोग गर्ने गरेका छन् । महँगो भाडा तिरेर हेलिकोप्टर प्रयोग गर्ने प्रधानमन्त्रीले बुझ्नु पर्ने हो, भाडा तिर्ने पैसा भूकम्पपीडितलाई न्यानो कपडा खरिद गर्न दिएको भए उनैको प्रतिष्ठा बढ्थ्यो कि ? न्यानो कपडा लगाउने र आवश्यक मात्रामा औषधी खान नपाएर भूकम्पपीडित मात्र होइन अन्य व्यक्तिहरू समेत मर्न थालेका छन् । नाकाबन्दीले गर्दा उपत्यकामै औषधी अभाव भएको छ । विरामीहरूले उपचार पाउन नसकेको बेला प्रधानमन्त्री ओली भने पार्टीको जिल्ला अधिवेशनमा जानु आवश्यक थियो ?

भारतसँग कुटनीतिक तवरले समस्या समाधान खोज्न नसक्नु देशमा पेट्रोलियम पदार्थको चरम अभाव भएपछि हुनेखानेहलाई कालोबजार मार्फत् पर्याप्त पेट्रोलियम पदार्थ उपलब्ध हुनुले के प्रमाणित गर्छ ? खाना पकाउने ग्यासको अभावमा कतिपय मानिसहरूको घरमा चुलो बल्न बन्द भएको छ । तर हुनेखाने, ठूलाबडा र धनीमानीहरूको घरमा कालोबजारी मार्फत ग्यास पुग्ने गरेको छ । सरकारले त्यसतर्फ ध्यान दिन सकेको देखिएको छैन । जनता कष्टकर जीवन बिताउन बाध्य भएपनि मधेस आन्दोलन समाप्त हुने संकेतसम्म देखिएको छैन । एकातिर अघोषित नाकाबन्दी र अर्कोतिर मधेस आन्दोलनले गर्दा विकास निर्माण ठप्प भएको छ । ठीक त्यसैबेला प्रधानमन्त्री भने एकवर्षभित्र लोडसेडिङ अन्त्य गर्ने हावादारी घोषणा गर्दै हिंड्नुले प्रधानमन्त्री पदकै गरिमा घटेको छ । एक वर्षभित्रमा लोडसेडिङ अन्त्य गराउने प्रधानमन्त्रीसँग त्यस्तो कुन जादुको छडी छ ? प्रधानमन्त्री ओलीले आफू प्रधानमन्त्री भएकै दिन उद्घोष गरेका थिए, अब ८/१० घण्टा बाहेक लोडसेडिङ हुँदैन । तर उनी प्रधानमन्त्री भएको १ सय दिन नपुग्दै दैनिक १५ घण्टा लोडसेडिङ सुरू भएको छ । त्यो बढ्ने क्रम जारी रहेको छ । उर्जामन्त्री स्वयंले दैनिक १८ घण्टासम्म लोडसेडिङ हुन सक्छ भन्ने उद्घोष गरिरहेक बेला एक वर्षभित्रमा लोडसेडिङ अन्त्य हुन्छ भन्ने अभिव्यक्ति दिनु प्रधानमन्त्रीका लागि सुहाउँदो कुरा होइन । कुनै योजना र कार्यक्रम नै नभएको अवस्थामा एकवर्षभित्रमा लोडसेडिङ हटाउने कुरा गर्नुले प्रधानमन्त्री पदकै अवमूल्यन भएको छ । त्यसैले गर्दा प्रधानमन्त्रीले बोल्दा हावादारी कुरा गर्नुभन्दा काम गरेर देखाउने प्रतिबद्धता जनाउनु उचित हुन्छ । समयमै डेपुटी गभर्नर र सविचसम्म नियुक्त गर्न नसक्ने प्रधानमन्त्रीले एक वर्षभित्रमा लोडसेडिङ अन्त्य गर्ने उद्घोष गर्नु आफ्नै उचाई घटाउनु बाहेक अन्य केही हुन सक्दैन ।

प्रधानमन्त्री केपी ओली निर्वाचित हुँदा जनताले निकै आशा र भारोसा गरेका थिए । नयाँ सरकारले केही गर्छ भने विश्वास जनतामा जागेको थियो, तर स्वयं प्रधानमन्त्री हावादारी उद्घोष गर्दै जनतासामु हिंडे । जनताले नेपालको इतिहासमै अहिलेको जस्तो दुःख पाएका थिएनन् । पछिल्लो समयमा प्रधानमन्त्री ओली आलोचनाका पात्र बनिरहेका छन् । एकवर्षभित्रमा लोडसेडिङ हटाउने र आफू प्रधानमन्त्री भएकै दिन सिंहदरबारमा प्रधानमन्त्री पदमा बहाली गर्दै उद्घोष गरे, एकवर्षभित्रमा मुलुकभरमा तुइन हटाउने र ति ठाउँमा पक्की पुल निर्माण गरिसक्ने । अहिले उनी प्रधानमन्त्री भएको १ सय दिन पुगेको छ । १ सय दिनमा कति वटा तुइन हटे र कतिवटा पक्की पुल निर्माण भए ? के त्यसको लेखाजोखा प्रधानमन्त्री कार्यालय र प्रधानमन्त्रीको नीजि सचिवालयले गरेको छ । २०५७ सालमै मुलुकभरबाट तुइन हटाउने निर्णय भएको र केही जिल्लाहरूले आफ्नो जिल्लामा पर्ने तुइनहरू हटाउने प्रयास गरेपनि कहिंकतै पुल बन्न सकेका छैनन् । पहिला नै मन्त्रिपरिषद्ले गरेको निर्णयलाई आफ्नो मन्त्रिपरिषद्को बैठकबाटै फेरि त्यस्तै निर्णय गराउनु सस्तो लोकप्रियता बाहेक अन्य के हुन सक्छ र ? लोडसेडिङले जनताको दैनिकी नै फेरिएको बेला कुनै अनुसन्धान र अध्ययनविनै हावाबाट बिजुली उत्पादन गर्ने अर्को हावादारी उद्घोष भएको छ । यी सबै हावादारी कुराले गर्दा जनता भन्न बाध्य भएका छन्, 'जुन जोगी आएपनि कानै चिरेको ।'

मधेसमा आन्दोलन गरिरहेका केही मधेसवादी दलहरूलाई जनतासँग कुनै मतलब नै छैन । भूकम्प मधेसमा गएन, उपत्यका र पहाडी क्षेत्रमा भूकम्प गएको हुनाले तिनै क्षेत्रका बासिन्दा पीडित भएका छन् । सरकारले अस्थायी टहरा निर्माण गर्न भनेर दिने भनिएको १५ हजार र न्यानो कपडा खरिद गर्न भनेर दिने भनिएको १० हजार रूपैयाँसम्म सबै पीडितले पाउन सकेका छैनन् । जनता कष्टपूर्ण जीवन बिताउन बाध्य भएपनि सरकार भने सस्तो लोकप्रियताको डंक मात्र पिटिरहेको हुनाले ओली सरकार पनि जनताका लागि बोझ मात्र सावित भएको छ । उपत्यकाकै भूकम्पपीडितहरूले सरकारी सुविधा पाउन नसकेको अवस्थामा बाहिरी जिल्लाका पीडितको अवस्था कस्तो होला ? यी सबै कारणहरूले गर्दा ओली सरकारको एक सय दिन सित्तैमा बितेको छ भन्नु कुनै अतियुक्ति नहोला । ओली सरकारले यसभन्दा अगाडिका सरकारले गरेका गलत निर्णयहरू सच्याउन सके मात्र सरकारको औचित्य सावित हुन सक्छ । २०५७ सालमा तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकरका गृहमन्त्री कृष्ण सिटौलाले नेपालको एकीकरणका नायक पृथ्वीनारयण शाहको योगदानलाई अवमूल्यन गरेर सरकारीस्तर बाटै मनाइँदै आएको पृथ्वी जयन्ती (पुस २७) र राष्ट्रिय एकता दिवसलाई मन्त्रिपरिषद्को बैठकबाटै निर्णय गरेर खारेज गरिदिए । पृथ्वीनारायण शाहले नेपालको एकीकरणमा पुर्‍याएको योगदानको कदर गर्न नसक्ने राजनीतिक दलहरू र तिनका नेताहरूमा देखिएको गलत प्रवृत्तिले गर्दा आज मुलुक संकटपूर्ण अवस्थामा पुगेको हो । विश्वका जुनसुसकै प्रजातान्त्रिक मुलुकहरूमा समेत मुलुकलाई एकीकरण गर्ने महानव्यक्तिहरूको सम्मानमा एकीकरण दिवस मनाउने प्रचलन रहेको इतिहास साक्षी रहेको छ । तर नेपालमा भने शाहवंशप्रति वैरभाव राख्ने गिरिजाप्रसाद कोइराला नेतृतवको सरकारले पृथ्वी जयन्ती र राष्ट्रिय एकता दिवसलाई खारेज गरेर इतिहास मेटाउने काम गरेका हुनाले अब ओली सरकारले त्यो एकता दिवस मनाउने निर्णय मन्त्रिपरिषद् बैठकबाटै गराएको खण्डमा प्रधानमन्त्री ओलीको मान र प्रतिष्ठा समेत बढ्न सक्छ । यति मात्र होइन, नेपाली नोटमा नेपाल एकीकरण नायक भनेर पृथ्वीनारयाण शाहको फोटो अंकित नोट प्रचलनमा ल्याउन आवश्यक छ । त्यसले गर्दा मुलुकको मानसम्मान र प्रतिष्ठा मात्र होइन, स्वतन्त्र मुलुकको सम्मान हुन्छ । त्यसैले मन्त्रिपरिषद् बैठकबाट अविलम्ब त्यो निर्णय गराइनु पर्छ ।

पृथ्वीनारायण शाहले हामीलाई दिएको पहिचानका आधारमा सर्वाभौम, अखण्ड, स्वतन्त्र, एकीकरण राष्ट्र नेपाल बनाएवापत त्यसका अभियान्ता महानायकलाई स्वीकार गरिएको हो । राष्ट्रिय एकता दिवस संविधान र गणतन्त्र दिवस जस्तै महत्वपूर्ण छ । त्यसैले पृथ्वीनारयण शाह र उनीसँग राष्ट्रिय एकता अभियानमा लागेका व्यक्तिहरूको जीवनी र उपदेशहरू समेत पाठ्यक्रममा राखिनु अनिवार्य छ । पृथ्वीनारायण शाहकै कारण आज मुलुक स्वतन्त्र, सार्वभौम, अखण्ड राष्ट्र भएको हो । त्यसैले राष्ट्रिय एकता दिवस पुस २७ मै मनाइनु अनिवार्य छ । त्यसमा ओली सरकारले ध्यान दिएर राष्ट्रिय एकता दिवस मनाउने निर्णय गरोस् ।

*devendrachudal@gmail.com*

# ओली, भोलि र झोली



राजन कार्की

गोलीजस्ता ओली सत्तामा पुगेपछि भोलि बन्न पुगेका छन् । उनी जे कुरा पनि भोलि भनेर थाक्दैनन् । प्रधानमन्त्री बनेको सय दिनमा पनि उनले एउटा पनि जनपक्षीय निर्णय गर्न सकेको प्रमाण छैन । जनताका लागि ओली भोलि बनेका छन् भने जनता झोलीतुम्बे बन्न बाध्य भएका छन् ।

एकातिर मधेसीको आन्दोलन, अर्कोतिर भारतीय नाकावन्दीले आपूर्तिमा हाहाकार । त्यसमाथि राज्यले नै कालोबजारी गरिरहेको छ । मनपर्दी बजारभाउ छ । गरिखाने बर्ग भोकभोकै परेको छ । भूकम्पले बाँचेका जनता पुषे चिसोको ठिहीले भकाभक मर्न थालेका छन् । मर्ने मरिरहुन्, देशका प्रधानमन्त्री कुनै पीडितका घरमा पुगेको थाहा छैन । यिनै प्रधानमन्त्री हुन्, छठका बेलामा छठी मैयाँको पूजा गर्न पोखरी छेउ पुगेका थिए । यी कस्ता ढोंगी कम्युनिष्ट प्रधानमन्त्री हुन्, जो राष्ट्र कल्याणका लागि प्रधानमन्त्री बन्छन्, पूजा पनि गर्छन् तर अध्यात्मिक र राजनीतिक धर्म निर्वाह गर्न सक्देनन् ।

यिनकै सिको गरिन् राष्ट्रपति विद्या भण्डारीले । उनले आफ्नो सवालाख तलव पशुपतिनाथलाई चढाइन् । सवा पैसा चढाएर भगवान खुशी नहुने र सवालाख चढाएर पशुपति दाहिना हुने होइनन् । सच्चामन र सच्चा प्रेम चाहिन्छ भगवानलाई । सवालाख त आज भूकम्पपीडित जो चिसोले कठ्यांग्रिएर मर्न बाध्य भइरहेका छन्, तिनलाई बचाउन चाहिने हो । त्यतातिर राष्ट्रपतिको ध्यानै छैन । यिनी पनि कम्युनिष्ट हुन् र यिनको कम्युनिष्ट पूजा र सवालाख भेटीले पशुपतिनाथ खुशी भए कि पशुपतिनाथको नाममा भ्रष्टाचार गरिरहेका भट्ट, विकास कोषका पदाधिकारी खुशी भए, तिनै जानुन् ।

अर्थात सर्वहारा बर्गको हित र कल्याणको कसम खाएका र त्यसैअनुसार स्कूलिङ गरेका प्रधानमन्त्री, राष्ट्रपतिले सर्वहाराको पक्षमा माखो पनि मार्न सकेनन् । उल्टै सय दिनमा प्रधानमन्त्री केपी ओलीले पौने दुईकरोड पहुँचवाला पार्टीका कार्यकर्तालाई नगद आर्थिक सहायता बाँडेछन् । यसको तथ्यांक सार्वजनिक भइसक्यो । यथार्थमा असहाय, राज्यसहयोगको आवश्यकता भएका, बिपन्न बर्गलाई बितरण गर्ने नाममा राजनीतिक दलका कार्यकर्ताहरूलाई राज्यकोष बाँडेर सत्ता बलियो पार्ने जुन तजबिजी काम केपी ओलीले गरेका छन्, त्यो सरासर भ्रष्टाचार हो । भ्रष्टाचार हुनै दिन्न, ठूला माछा समात्छु भन्ने अख्तियार प्रमुख लोकमान सिंह कार्कीको ढाडमा हाड छ भने प्रधानमन्त्री केपी ओलीलाई ठाडै भ्रष्टाचारमा चुर्खुन्याउन सकिन्छ । २९ जनालाई समन जारी गर्दा एमालेका केही नेता त्यस सूचीमा परेछन् र परेका बंशीधर मिश्र, राजेन्द्र पाण्डेहरूले अख्तियार प्रमुखलाई महाभियोग लगाएर फाल्ने धमास दिएका थिए । अख्तियारले प्रधानमन्त्रीलाई गरिबमारा, राज्यकोषको दुरूपयोग र अख्तियारीको मनपर्दी प्रयोगमा समन जारी गर्ने हो भने ओली सरकार बालुवाको महल बन्नसक्छ ।

गरिब र बिपन्नको नाममा पहुँचवाला र हुनेखानेलाई राज्यकोष बाँड्ने प्रचलन हिजो थियो, आज पनि कायम छ । यस्तो बिकृति र बिसंगति कहिलेसम्म ?

पञ्चायतमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री थिए, उनलाई हिलोको किलो भनिन्थ्यो । किनकि चन्द नरम थिए, मन्त्रीहरू गरम । चन्द निर्णय गर्नै सक्दैनथे, मन्त्रीहरू ठाडो निर्णय गर्ने हैसियत राख्थे । त्यसैले त्यतिबेला एकजना मन्त्री, ११ जना प्रधानमन्त्री भनिन्थ्यो । वर्तमान केपी ओली सरकार पनि लोकन्द्रबहादुर चन्दको सरकारजस्तै छ । ओली उखान टुक्का भन्न र भारत र मधेसी मोर्चालाई गाली गर्नमात्र जान्दछन्, आफ्नो राजनीतिक र कूटनीतिक कर्तव्यबाट च्यूत भइरहेका छन् । तर कमल थापा, शक्ति बस्नेत, रेखा थापालगायतका मन्त्रीहरू धमाधम निर्णय गरिरहेका छन् र सबै प्रधानमन्त्री यिनै हुन् कि भन्ने गरी सक्रिय देखिन्छन् । ओली मन्त्री र अरू प्रधानमन्त्रीजस्ता लाग्छन् । यसकारण केपी ओली भाग्यले हस्तिनापुरको सिंहासनमा त पुगे, तर ओलीभन्दा अन्धो धृतराष्ट्र चरित्रका त लोकेन्द्रबहादुर चन्द समेत थिएनन् ।

गरौं भन्ने इच्छाशक्ति भएको के गर्न सक्दैनथे केपी ओलीले । राष्ट्राध्यक्ष एमालेकी छिन्, प्रधानमन्त्रीको लगाम आफ्नो हातमा र सघाउने पर्याप्त वामपन्थीहरूको लस्करको थियो । तर सबै तस्करीमा रमाए, जनता मरिरहे र जनताको चिहानलाई सत्ताको आँगन सम्झेर बेतालमा नाचिरहे । यथार्थमा यो केपी ओलीको असफलता होइन, एमालेको ओह्रालोयात्रा हो । जबज अर्थात जनताको बहुदलीय जनवादमा खिया लागेको परिदृश्य हो ।

डा.बाबुराम भट्टराईले प्रश्न उठाए– यो त कमल थापा नेतृत्वको सरकारजस्तो देखियो । बाबुरामको छर्राले प्रचण्डलाई पनि भेट्यो । तर ओली र प्रचण्ड दुबैले यसको कुनै प्रतिकार गरेनन् । राप्रपा नेपालका अध्यक्ष कमल थापा बरिष्ठ उपप्रधानमन्त्री छन् र सरकार टिकाउन उनको सक्रियता देखियो त यसमा प्रचण्ड र ओलीलाई लाभ नै छ । किन बोल्नुपऱ्यो र ? लोकतन्त्र होस् कि राजतन्त्र ? जुनसुकै तन्त्रले सत्ता टिकाइदिन्छ भने त्यो मित्र नै हो सत्तालिप्सामा लिसो टाँसिएझैं टाँस्सिने ओलीजस्ता नेताका लागि ।

यद्यपि ०६४ सालको संविधानसभामा पोखराको पृथ्वीचोकमा सूढे लखेटेझैं कमल थापालाई लखेट्ने प्रचण्ड र ओली नै हुन् । दोस्रो संविधानसभाको निर्वाचनमा मकवानपुरबाट श्रीमती कमल थापालाई हराउने र भाइ कमल थापालाई लखेट्ने पनि यिनै हुन् । तर संविधान घोषणा, ओली सरकारको गठनमा कमल थापाले जुन सहयोग गरे, त्यो प्रचण्ड र ओलीका लागि स्तुत्य छ । न ओली र प्रचण्ड श्रीकृष्ण बन्नसके, न कमल थापा नै शिशुपाल हुन् । यसकारण कमल थापा वामपन्थी र उग्रवामपन्थीको गलाका हार बन्न पुगेका छन् ।

गनाएनन्, कमल थापाको राजतन्त्र र हिन्दूराष्ट्रवाद सत्तासीनका लागि गनाएको छैन । न त संघीयताको बिरोधी चित्रबहादुर केसी नै गनँए । पैसाका लागि फोहरमा पनि दाँत गाड्नसक्ने लोभी र सत्ताका लागि सिद्धान्त, निष्ठा र नैतिकता गौदान गरेर फाल्न सक्ने वामपन्थी लाग्छ, एउटै सिक्काका दुई पाटा हुन् । तथापि सत्तासीनहरू आफूलाई हात्तीछापे नम्बरी सुनजस्तै खरो लोकतान्त्रिक गणतन्त्रवादी भनेर गफ चुटिरहेका छन् ।

यी गणतन्त्रका गफ्फाजीहरूका सामु लोकचाहिं कहाँ छ ? कुन अवस्थामा छ ? तिनले लोकतन्त्र देखेका छन् कि लोकतन्त्रले लिस्नुकस्दा मरिरहेका छन् ? यिनलाई थाहै छैन । समाचार आइरहेको छ– सिन्धुपाल्चोकमा ९ जना भूकम्पपीडित चिसोले कठ्यांग्रिएर मरे । दोलखामा ७ जना, धादिङ, गोरखाको बारपाकमा पनि ५ जना न्यानो नाना र तातो खाना नपाएर मरे । बुढा र बालबालिकाहरू निमोनियाले ग्रसित भइरहेका छन् र तिनीहरू पनि भकाभक मर्दैछन् । लोक मर्ने, लोकतन्त्र र गणतन्त्रवादी संवेदनहीन भएर बस्ने ? लोक र गण नहेर्ने तन्त्र कसरी लोकतन्त्र र गणतन्त्र भयो ? यही प्रश्न पुस १४ गते सर्वोच्चले उठायो र सरकारलाई ७ दिनभित्र भूकम्पपीडितहरूमा पुग्नेगरी कपडा, खाद्यान्नसहितको राहत पुऱ्याउन आदेश दिएको छ । दैनिकी कर्तव्य निर्वाह गर्न पनि अदालतले आदेश दिनुपर्ने तन्त्र नेपालमा गणतान्त्रिक, लोकतन्त्रका रूपमा स्थापित भएको छ । मधेस आन्दोलनमा ५५ जना मारिए पनि यही संविधानलाई उत्कृष्ठ संविधान भनेर जनजनमा प्रचार गरिदैछ । सस्तो बेसाह पेट लागि मर भन्ने उखान छ । सस्तो प्रचारले संविधान उत्कृष्ठ साबित हुनसक्ला कि नसक्ला ? हेर्दै जाउँ ।



बोल्नेको पीठो बिक्ने देशमा हेरौं, लोक र गणको हरिबिजोग पार्ने संविधान पिठोजसरी बिक्छ कि बिक्दैन ? राजतन्त्र, हिन्दूराष्ट्र र संघीयता विरोधीहरूलाई काखी च्यापेर बनेको ओली सरकार चल्छ कि चल्दैन ? लाटो, बहिरो, कानो र अन्धो यो सरकार चले कतिञ्जेल चल्ला ? जनताले यसलाई फाल्न अबेर भइसकेको छ ।

ओली सरकार रहनु भनेको आर्थिक रूपमा देश अरू टाट पल्टनु हो । कालोबजारी र भ्रष्टाचारको महामारी अरू पकषैलिनु हो । राजनीतिकरणले देशलाई अरू बर्बादीको भीरमा पुऱ्याउनु हो । नयाँ नेपालका नाममा साबुद नेपाललाई मानसिक रूपमा खण्डिकरण गर्दै देशलाई बिखण्डन गर्ने वातावरण बनाइदिनु हो । देशभक्तहरूले अव यस्तो कहालीलाग्दो सरकारलाई ज्वाइँ पालेसरह पाल्नु गलत हुनेछ । देशले देशभक्त सरकार खोजेको छ, देशले इमानदार सरकार खोजेको छ, देशले देशलाई एकतावद्ध पार्नसक्ने काविल कारिगर खोजेको छ, त्यतातिर ठूलादलहरूले नसोच्ने हो भने जनताको एकता र देशको स्वाधीनता खतरा पर्छ । चेतना भया ।


## नेपालको संविधानमा अल्पसंख्यक समुदायको अधिकार

**नेपालको संविधानमा अल्पसंख्यक समुदायको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूहलाई अल्पसंख्यकको रुपमा परिभाषा गरिएको ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- सामाजिक रूपले पछाडि परेका अल्पसंख्यक समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गरिने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गरिने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक निर्वाचित हुने सुनिश्चित गरिएको ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- गाउँ कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुईजना सदस्य हुने सुनिश्चित गरिएको ।
- नगर कार्यपालिकामा दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीनजना सदस्य हुने सुनिश्चित गरिएको ।
- जिल्ला समन्वय समितिमा दलित वा अल्पसंख्यकबाट जिल्ला सभाले निर्वाचित गरेको कम्तीमा एक जना सदस्य हुने सुनिश्चित गरिएको ।
- अल्पसंख्यक समुदाय समेतको हक अधिकारको संरक्षण गर्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# Who Attacked Pathankot Air Base

**Zaheerul Hassan**

Six suspected terrorists in Indian Army uniform attacked Pathankot Air Base early morning on the second day of the year 2016. It is MiG-21 Bison base of the Indian Air Force and located about 50 kms from Gurdaspur where another terror attack took place in July, 2015. Pathankot air force base is about 430km (270 miles) north of the Indian capital, Delhi. Six terrorists and seven individuals of security forces including one Lt Col of Indian Army have been killed during clearance operation of the base. The operation continued for more than 48 hours. The reports reveal that the terrorists came in a jeep that was a day earlier snatched after thrashing out a Superintendent of Police and his two associates on the night of 31st December, 2015. On the same day some elements have fired over Indian Embassy located in Mazar Sharif, Afghanistan. As usual Indian media and governments without any investigations started alleging Pakistan for sponsoring terrorists attack on Pathankot Air base. Whereas global community is well aware of the facts and admitting too that Pakistan is already effectively fighting against terrorism.

Therefore this time, involving Pakistan in Pathankot air base episode would not likely to be bought by the community.

In fact, before making any opinion and giving final verdict over the immersion or sponsorship of the attack, there is a need to evaluate the detailed analysis basing on certain available information, facts and evidences which came into the limelight through eyewitness. In this regard, some channels of Indian electronic media reported that few local business men and spectators disclosed very important points which might be helpful in reaching to the right conclusion. Firstly, shops located in the vicinity which were shut down at 10 PM in routine were forcefully closed at 5 PM on the day earlier of the attack by the local security authorities. Secondly, for security purposes the barriers placed on the road leading to the airbase were removed day earlier of the attack. Thirdly, the security forces acted on the advance intelligence and National Security Guard teams were intimated in advance on the evening to handle the potent threat. Fourthly, Ajit Doval is the same National Security Advisor who passed all available information to the base and local agencies and later on stated coordinating the whole operation. Fifthly, Indian intelligence agency RAW provided concocted information to the media for maligning Pakistan and criticizing Prime Minister Modi and his party BJP.

It is also worth mentioning here that intelligence boss placed in RAW's nerve center, hardcore of RSS, and Congress Party did not accept his recent try of normalization of relations with Pakistan and decided to thrash out Modi . On the other hand, major Pakistani political parties despite having reservations over Modi's past speeches and hard remarks against Pakistan , have welcome the surprise visit of Indian Prime minster to Pakistan. Contrary to it Indian media and opposition parties did not endorse Prime Minister Modi's steps towards improving relations with nuclear Pakistan. Indian media is continually yelling while repeating the same old story of involvement of Pakistan in its domestic terrorism.

Indeed, some hardcore Indian extremists have planned and executed this drama as they had staged by hitting Pakistani fishing boat on the 1st January, 2015. Other version could be that some elements of occupied Kashmir movement, Khalistan movement or from Maoists movement might have attacked the base. In any case Pakistan is no more engrossed in proxy war against her neighbor and interested in peacefully resolving core issues like Kashmir, water and Siachen with India. Pakistan has strongly condemned the attack on Pathankot . However, these is a need that UN should play her role in settling down of the revealed issues which will ultimately emerge as guarantee to the regional and global peace . India should also pay attention to train its security forces' elements since they took too long to in cleaning up the base that is still under its way of consolidation.

Failing in handling the operation successfully, removal of barriers from the roads leading to the base, a day earlier of attack forcefully shutting down the shops in the near vicinity and not taking proactive measures, or insufficient arrangements despite having early information of attack are raising many questions about the veracity of Indian claim of attacking the base by some foreign sponsored terrorists.

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक वर्ष २०७२/०७३ को आयकरको प्रथम किस्ता बुझाउने बारेको अत्यन्त जरूरी सूचना

आर्थिक वर्ष २०७२/०७३ को कारोबारको अनुमानित करको विवरण र आयमा तिर्नुपर्ने प्रथम किस्ताको आयकर बापतको ४०% (प्रतिशत) रकम यही २०७२ पौष मसान्तभित्र ठूला करदाता कार्यालय, सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी शुल्क तथा ब्याजबाट बचौं ।

"समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार, करदाता मैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार"



# समस्या दीर्घकालीन रूपमा समाधान गर्न चीनबाट इन्धन ल्याउनु पर्छ

## गोपालबहादुर खड्का
कार्यकारी निर्देशक, नेपाल आयल निगम



भारतले गत असोजदेखि लगाएको अघोषित नाकाबन्दीका कारण भारतबाट सहज रूपमा इन्धनको आपूर्ति हुन नसक्दा उत्पन्न परिस्थिति र इन्धनको अभावलाई कम गर्न नेपाल आयल निगमले सुरू गरेको वैकल्पिक उपाय तथा नेपाल आयल निगमको ४६ औं वार्षिकोत्सवको सन्दर्भमा **अभियान साप्ताहिकका लागि राजेश बर्मा र सन्तोष बराइली**ले गरेको कुराकानी :

**विश्वमा नै इन्धनको कारोबारमा 'कारोबार' भन्दा 'राजनीति' बढी भएको पाइएको छ । त्यसको प्रत्यक्ष प्रभाव नेपालको इन्धनमा पनि परेको छ । चीनसँग इन्धन ल्याउन बाटो र अन्य प्राविधिक समस्या पनि छ । नाकाबन्दी हटेपछि पनि चीनबाट इन्धन ल्याउँदा निगमलाई फाइदा हुन्छ कि हुँदैन ?**

अहिलेको अवस्थामा फाइदा हुन्छ वा हुँदैन भनेर छुट्याउन सकिन्न । अहिले त तत्कालको समस्या कसरी समाधान गर्नुपर्ने भन्ने अवस्था छ । हामीसँग एकमात्र विकल्प छ, त्यो हो सम्झौताअनुसार जसरी पनि चीनबाट कुल मागको ३३ प्रतिशत इन्धन आपूर्ति गर्नु । उत्तरी क्षेत्रमा इन्धन पुऱ्याउन पनि अहिले गाह्रो भइरहेको छ । यसलाई हेरेर पनि चीनबाट ल्याउन आवश्यक छ । मूल्य फरक परे पनि चीनबाट आपूर्ति गर्नुबाहेक विकल्प छैन । सधैं इन्डियन आयल कर्पोरेसनकै भर पर्नु बुद्धिमानी हुँदैन । त्यसैले दीर्घकालीन रूपमा समस्या समाधान गर्न पनि चीनबाट ल्याउन आवश्यक छ ।

**चीनबाट ग्यास भित्राउने सम्भावना कत्तिको छ ? मूल्य कसले निर्धारण गर्ने अनि बंगलादेशबाट ल्याउने पहल कहाँ पुग्यो ?**

ग्यास ल्याउने विषयमा पनि गहन छलफल भइरहेको छ । तर, मुख्य समस्या भनेको ढुवानी गर्ने बाटो र साधनको देखिएको छ । हामीसँग नेपाली नम्बर प्लेटको बुलेट छैन । भएका बुलेट सबै भारतीय नम्बर प्लेटका छन् । यो समस्या समाधान गर्न अहिलेको नाकाबन्दी समस्या आउनुअघि नै निजी क्षेत्रलाई नेपाली नम्बर प्लेटको बुलेट ल्याउन मैले आग्रह गरेको थिएँ । तर, हालसम्म आएको छैन ।

चिनियाँ बाटो भएर १८ देखि २८ मेट्रिक टनको क्षमतामा बोर्डरसम्म ल्याउन सकिन्छ । तर, नेपाली सीमाभित्र कसरी ल्याउने, अर्को चुनौती छ । हामीसँग आफ्नै बुलेट पनि छैन । रसुवागढीसम्म ल्याउन सकियो भने अस्थायी रूपमा रसुवागढीमै रिफिलिङ गर्ने प्लान्ट बनाएर ग्यास आयात गर्न सकिन्छ । यसका लागि मन्त्रालयले पहल गर्न आवश्यक छ । यसबीचमा रक्सौलमा ग्याससहित रोकिएका करिब तीन सयमध्ये सय बुलेटलाई रिरूट गरेर सुनौलीसम्म पुर्‍याउने काम भएको छ । त्यसमध्ये ५० वटा बुलेट नेपाल आइपुगेको अवस्था छ ।

अहिले कुल मागको १५ प्रतिशतमात्रै इन्धन आपूर्ति भएको छ । आपूर्ति कम भएर इन्धनको चर्को अभाव भएको हो । केही मार्जिन राखेर इन्धनको मूल्य मन्त्रालयले नै तोकिदिनुपर्छ जसले गर्दा आयातकर्तालाई सहज हुन्छ । मूल्य निर्धारण नगरेसम्म निजी क्षेत्र आयात गर्न अघि बढ्ने अवस्था छैन । बंगलादेशबाट ल्याउने पहल पनि भइरहेको छ । बंगलादेशको टोलीले सरकारी स्तरबाट छलफल गर्न बोलाएको छ । त्यसका लागि सरकारले आवश्यक पहल सुरू गरेको छ ।

**इन्धनको निकै कालोबजारी भयो भनेर बाहिर आइरहेको छ ? तपाईंकै आयल निगमको ट्यांकर एक स्थानबाट अर्को स्थानमा झार्न थालेको अवस्थामा पक्राउ पनि परेको छ ? १५ प्रतिशतमात्रै इन्धन आपूर्ति भइरहेको अवस्थामा सडकमा कसरी जामको अवस्था सिर्जना भयो ?**

खुला सिमानाको फाइदा उठाएर केही समूहले ल्याएको इन्धनको अहिले कालोबजारी भएको हो । त्यसैले गर्दा अहिले सडकमा निक्कै जाम हुन थालेको छ । हामीले आपूर्ति १५ प्रतिशतमात्रै भइरहेको अवस्थामा कसरी सडक जाम भयो भनेर हेर्दै जाँदा अहिले भारतबाट आफूखुसी इन्धन आपूर्ति भइरहेको पाइएको छ, सले गर्दा सडक जाम हुन थालेको छ । निगम आफैंले अनुगमन गर्दैन ।

वाणिज्य विभागले अन्य निकायको सहयोगमा अनुगमन गरिरहेको छ । हामीले केहीमाथि कारबाही पनि गरेका छौं । काठमाडौंमा इन्धनको मौज्दात थोरै भएकाले चिनियाँ समूहले बनाउँदै गरेको, राष्ट्रिय प्राथमिकताको चक्रपथ सडकका लागि हामा पेट्रोल पम्पलाई भैरहवा डिपोबाट इन्धन उपलब्ध गराएको ट्यांकर पक्राउ परेको हो । मैले नियमसम्मत नै हामालाई इन्धन दिन तोक लगाएको थिएँ ।

तोक लागेको १७र१८ दिनपछि उसले इन्धन पाएको थियो । उसले इन्धन अपचलन गरेको पनि होइन । स्थानीय केही पम्पले आफूले इन्धन नपाएको तर काठमाडौंको पम्पले पाएको भनेर हल्ला फिँजाएका हुन् । यसमा कुनै गलत काम भएको छैन । हो, यस्ता समस्या समाधान गर्न हामीसँग ट्यांकरको ट्र्याकिङ र लकिङ गर्ने आधुनिक प्रणाली छैन ।



**रक्सौलबाट आपूर्ति गर्न समस्या आएको छ । अहिले सरकारले चीनबाट आपूर्ति गर्न सुरू गरेको प्रयासपश्चात् भारतीय पक्षले 'हाम्रो आपत्ति' छ भनेर कुनै चासो देखाएको छ वा छैन ? चीनबाट इन्धन ल्याउन स्टोरेज कहाँ गर्ने विषयमा कुनै छलफल भएको छ वा छैन ?**

आधिकारिक रूपमा भारतीय पक्षले त्यस्तो आपत्ति अहिलेसम्म जनाएको छैन । तर, नेपालमा आपूर्ति हुने हरेक दिनको परिमाणबारे भारतीय आपूर्ति मन्त्रालयले रेकर्ड राख्ने गरेको उनीहरूको कुराबाट जानकारी पाएको छु । आपत्ति नजनाए पनि कहिले दुई बुलेट र ट्यांकरमा लोड दिन्छ भने कहिले सातवटा बुलेट र ट्यांकरमा लोड दिएको व्यवहारमा देखिएको छ ।

अहिलेसम्मको अवस्था विश्लेषण गर्दा सबैभन्दा कम आपूर्ति ग्यासको छ । ग्यास सर्वसाधारणको चुलोसँग जोडिएकाले ग्यासको कम लोडिङ दिँदै आएको पाइएको छ । जहाँसम्म चीनबाट आउने इन्धनको स्टोरेजको कुरा छ, दीर्घकालीन रूपका लागि बेत्रावती र पाँचखालमा आधुनिक सुविधासम्पन्न स्टोरेज ट्यांकर राख्ने विषयमा हामीले पहल गरिरहेका छौं । यो योजनाबारे पहिले पनि धेरै समितिले सरकारलाई सुझाव दिइसकेका छन् ।

**नाकाबन्दी भएको अवस्थामा दीर्घकालीन रूपमा पाइपलाइनबाट इन्धन आपूर्ति गर्ने योजना अब के हुन्छ ?**

नाकाबन्दीपछि पाइपलाइनको योजना पक्कै पनि रोकिएको छ । अहिले इन्डियन आयल कर्पोरेसन र नेपाल आयल निगम त्यो विषयमा मौन भएको अवस्था छ । पाइपलाइनका लागि आवश्यक पर्ने बी टु बी प्रक्रिया पनि मन्त्रालयले अवरूद्ध गरेको थियो । जी टु जीपश्चात् बी टु बी गर्नै पर्छ । भारतीय दूतावासको सहयोगमा रातारात हामीले मेहनत गरेर बी टु बी गर्न सफलता प्राप्त गऱ्यौं । पाइपलाइन सम्झौतापश्चात् तीन महिनाभित्रमा अन्य प्रक्रिया सम्पन्न गर्नुपर्ने थियो । तर, अहिले अवरूद्ध भएको छ । हाम्रा लागि पाइपलाइन अति आवश्यक छ । यसका लागि व्यापारिक र सरकारी दुवै पक्षबाट थप सम्बन्ध सुधार गर्नुपर्ने अवस्था छ ।

**सीमामा अवरोध हटेपछि कति दिनभित्र आपूर्ति पूर्ण सहज हुन्छ ?**

सीमाको अवरोध हट्नासाथ भारतीय पक्षले चौबीसै घन्टा आपूर्ति सहज गर्ने आश्वासन दिएको छ । उसले १५ दिनभित्रमा पूर्णरूपमा सहज अवस्था बनाउने बताउँदै आएको छ ।

**तपाईंमाथि बोर्ड अध्यक्षको कुरा नसुन्ने र बोर्डको माइन्युट बुक पनि उपलब्ध नगराएको आरोप छ । मन्त्रालयबाट पनि तोक आदेशको भरमा इन्धन वितरण भएको कुरा बाहिर आएको छ । वास्तविकता के हो ?**

मैले सबै सिफारिस मन्त्रालयबाट ल्याउने व्यवस्था अहिले गरेका छौं । अहिले दूध, पानीट्यांकर, लामो दूरी र अन्य प्रयोजनका लागि मन्त्रालयबाटै तोकको भरमा इन्धन उपलब्ध हुँदै आएको छ । मैले बोर्ड अध्यक्षको कुरा नमानेको कुरा निराधार हो । भनेको ठाउँमा म गएकै छु । फोन पनि उठाएको छु । जहाँसम्म माइन्युट बुकको कुरा हो, बोर्डको सदस्यसचिवको नाताले बैठक बोलाउने र माइन्युट राख्ने जिम्मेबारी मेरो हो । मलाई कुनै जानकारी नदिएर कम्पनी सचिवसँग माइन्युट बुक मगाएर मन्त्रालयमा कसरी बोर्डको बैठक बस्यो ? बोर्डले निर्णय गरेपछि मलाई एकैपटक हस्ताक्षर गर्न भनियो । यो कुनै प्रक्रिया होइन । मैले त्यसरी आफूलाई जानकारी नै नभएको विषयमा हस्ताक्षर गर्न सक्दिनँ ।

